नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

झुलाघाट-चिवाभञ्ज्याङ

# समृद्धिका लागि सङ्कल्प यात्रा

२०८०

नेकपा (एमाले) केन्द्रीय कमिटीको पाँचौँ बैठक (वैशाख २०८०) ले आफ्नो वार्षिक कार्ययोजनामा **आर्थिक–सामाजिक विकास र रुपान्तरणका पक्षमा मङ्सिर महिनामा मध्यपहाडी लोकमार्ग केन्द्रित अभियान चलाउने** उद्घोष गरेबमोजिम आगामी मङ्सिर १४ देखि तीन हप्तासम्म पुष्पलाल (मध्यपहाडी) लोकमार्ग केन्द्रित विशेष अभियान सञ्चालन गरिनेछ ।

अभियानको सन्देश, ढाँचा, तालिका र व्यवस्थापन सम्बन्धी विषय देहाय बमोजिम रहनेछ ।

## १. अभियानको सान्दर्भिकता र सन्देश

क. हिमाल, पहाड र तराई गरी तीन तह मिलेर बनेको नेपालको भौगोलिक संरचनामा पहाडको विशेष महत्व रहेको छ । पहाडी क्षेत्रले नेपालको सर्वाधिक ठूलो भूभाग समेट्छ । यहाँ जनसङ्ख्याको उल्लेख्य बसोबास रहेको छ । पहाड जैविक विविधताका दृष्टिले समृद्ध छ र जलस्रोतको विकासको सर्वाधिक सम्भावना बोकेको छ । पहाड फलफूल, तरकारी र जडिबुटीजन्य कृषिको भण्डार नै हो । सामाजिक–सांस्कृतिक विविधता र जातीय सद्भाव यस भूभागको विशेषता हो । राजनीतिक परिवर्तन र सामाजिक जागरणका क्षेत्रमा यस भेगले ऐतिहासिक भूमिका खेल्दै आएको छ । यद्यपि, जटिल भौगोलिक संरचना, छरिएका बस्तीहरू, प्राकृतिक विपत्तिको उच्च जोखिम, वन्य जन्तुहरूका कारण कृषि उत्पादनमा ह्रास तथा जलवायु सङ्कट पहाडको विकासका मुख्य चुनौती रहँदै आएका छन्।

यिनै चुनौती र सम्भावनाहरूलाई ध्यानमा राखेर हाम्रो पार्टीले पहाडी क्षेत्रको विकासका लागि रणनीतिक महत्वका पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य र खानेपानी संरचना एवं विद्युतीकरणलगायत महत्वपूर्ण योजना अगाडि बढाउँदै आएको छ । पुष्पलाल मध्यपहाडी लोकमार्ग र यसमा निर्माणाधीन दसवटा सहरहरू यसका दृष्टान्तहरू हुन् । आज पहाड पूर्वाधार, विद्युतीकरण, खानेपानी र स्वास्थ्य तथा शिक्षामा पहुँचका दृष्टिले उल्लेख्य ढङ्गले रूपान्तरित हुँदै आएको छ ।
तर पनि तीव्र बसाईँसराईँ आज पहाडको मुख्य समस्या बन्न थालेको छ। एकातिर विकासका योजनाहरू पहाड चढ्दै जाने, अर्कातिर पहाडबाट जनसङ्ख्याको ठूलो हिस्सा तराई, सहर हुँदै विदेशिँदै जाने चुनौती

आजको हाम्रो अर्थ–राजनीतिको सर्वाधिक जटिल प्रश्न हो ।

- समस्या कहाँ छन् ?
- किन पूर्वाधार र उत्पादनको विषय जोडिन सकेको छैन ?
- हाम्रो विकास र पूर्वाधार निर्माणको ढाँचामा नै पो कुनै समस्या छन् कि?
- छन् भने समाधान कसरी गर्न सकिन्छ ?
- मध्यपहाडी लोकमार्गमा रहेका सम्भावित आर्थिक केन्द्रहरू कुन–कुन हुनसक्छन् ?
- र, पहाडलाई विकास र समृद्धिको नमूना कसरी बनाउन सकिन्छ ?

यस अभियानमार्फत् हामी जवाफ खोज्ने कोशिस गर्नेछौं ।

ख. बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विशेषता हाम्रो समाजको पहिचान हो । यो हाम्रो राष्ट्रिय सामर्थ्य पनि हो । विविधताभित्रको एकता नेपाल राष्ट्रको बलियो आधारशीला हो । अहिले विभिन्न नाममा यस एकतालाई खल्बलाउने, सामाजिक सद्भावलाई कमजोर पार्ने र जनताका बीचमा फाटो ल्याउने प्रयाश देखा पर्न थालेका छन् । यस्ता अतिवादी र सङ्कीर्ण सोचहरू गलत, हानिकारक र अस्वीकार्य छन् । यस अभियानले सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई बलियो बनाउन योगदान गर्नेछ ।

ग. लोकतन्त्र स्थापनापछिका हाम्रा योजनाबद्ध प्रयासका कारण मुलुकमा विभिन्न क्षेत्रमा महत्वपूर्ण प्रगति हासिल भएका छन् । पूर्वाधार निर्माण, सामाजिक न्याय र रूपान्तरणकारी योजनाका दृष्टिले नेपालले महत्वपूर्ण प्रगति गरेको छ । यस प्रगतिमा आफ्नो गाउँ आफै बनाऊँ जस्ता विकासका नयाँ र जनमुखी अवधारणा, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा र छोटो समयमै नेपाललाई मध्यम आय भएको मुलुकमा स्तरोन्नत गर्दै यस शताब्दीको अन्त्यसम्म समुन्नत नेपाल निर्माण गर्ने नेकपा (एमाले)का दीर्घकालीन सोँचको निर्णायक भूमिका छ भन्ने कुरामा हामी गर्व गर्छौं ।

तर यतिबेला समाजमा निराशा फैलाउने, नकारात्मक मनोविज्ञान निर्माण गर्ने र नेपाल समृद्ध बन्दैन, बन्नै सक्दैन भन्ने सङ्कथन निर्माण गर्ने प्रयाश निकै व्यापकरूपमा भइरहेको छ । केही पात्रहरू यस निराशालाई लोकतान्त्रिक गणतन्त्रकै विरूद्धमा प्रयोग गर्ने प्रयाश गरिरहेका छन् भने केही चाहिँ

यसलाई 'पुराना पार्टीहरूको असफलता' भन्ने भाष्य निर्माण गर्दै आफूसँग सबै समस्याको समाधान रहेको भ्रम छर्न खोजिरहेका छन् । लोकतान्त्रिक गणतन्त्र, नेपालको संविधान र हाम्रा यावत् उपलब्धीलाई अवमूल्यन गर्दै समाजमा निर्माण गर्न खोजिएको नकारात्मक मनोविज्ञान र नैराश्यको अवस्थालाई अन्त्य गरेर मुलुक बन्छ, बन्दैछ भन्ने दह्रो आत्मविश्वास निर्माण गर्नु, प्राप्त उपलब्धीहरूको रक्षा एवं सम्बर्द्धन गर्नु तथा समाजमा आशावाद र सकारात्मक मनोविज्ञान निर्माण गर्नु अभियानको उद्देश्य हुनेछ ।

घ. यो वर्ष नेपाल कम्युनिष्ट पार्टी स्थापनाको ७५औं वर्ष हो । ७५ वर्ष अगाडि पुष्पलाल लगायत अग्रजहरूले निर्माण गर्नुभएको यस पार्टीको हीरक वर्ष जस्तो महत्वपूर्ण 'माइलस्टोन' उहाँकै नाममा निर्माणाधीन लोकमार्गमा केन्द्रित गरेर अगाडि बढाउनु आफैमा महत्वपूर्ण छ । यसक्रममा नेपाल कम्युनिष्ट पार्टीले गएको ७५ वर्षमा गरेको बलिदानी सङ्घर्ष, खेलेको गौरवशाली भूमिका र यसका नीतिहरूका बारेमा जनस्तरमा स्पष्ट पार्ने तथा राष्ट्रका सामू उत्पन्न बहुआयामिक चुनौतीलाई सामना गर्न बलियो राष्ट्रिय शक्तिको निर्माण गर्न सहयोग पुऱ्याउनु अभियानको उद्देश्य हुनेछ ।

ङ. हाम्रो पार्टी जनआधारित पार्टी हो । जनता नै हाम्रा मार्गदर्शक हुन् । जनसमर्थन नै हाम्रो सामर्थ्य हो । जनसेवा नै हाम्रो धर्म, हाम्रो सङ्कल्प र उद्देश्य हो । अभियानमा हुने जनसंवादमार्फत् हामी जनताका अनुभूति सुन्नेछौं, सुझावहरू ग्रहण गर्नेछौं र जनताकै साथमा अगाडिका योजनाहरू बारेमा परामर्श गर्नेछौं । यो अभियान जनतालाई सुन्ने र जनताबाट सिक्ने महत्वपूर्ण अभियान पनि हुनेछ ।

च. 'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय'को मर्म एवं भावनाअनुरूप यात्रा सञ्चालन हुनेछ ।


## २. अभियानको नाम :


अभियानको नाम **"झुलाघाट–चिवाभञ्ज्याङः समृद्धिका लागि सङ्कल्प यात्रा"** रहनेछ ।

## ३. अभियानको समयावधि र तालिका

यो सङ्कल्प यात्रा २०८० मङ्सिर १४ गते बिहान ८.३० बजे अध्यक्ष केपी शर्मा ओलीबाट झुलाघाटमा राष्ट्रिय झण्डाको झण्डोत्तोलनसँगै आरम्भ हुनेछ। चिवाभञ्ज्याङमा झण्डोत्तोलन र अभियानको सन्दर्भ झल्काउने निश्चित स्मृतिचिह्न स्थापनासँगै अभियानको समापन हुनेछ ।

यसको विस्तृत विवरण देहायबमोजिम रहेको छ ।



## तेस्रो दिन
(मङ्सिर १६ गते)
दूरी: १०५ किमी

प्रस्थान बिन्दु:
सिलगढी

खाना खाने स्थान:
साँफेबगर

सम्भावित भेटघाट बिन्दु:
चौखुट्टे, मार्कु, साँफेबगर, बयलपाटा

सभा:
मङ्गलसेन

बासस्थान:
मङ्गलसेन

## चौथो दिन
(मङ्सिर १७ गते)
दूरी: १५४ किमी

प्रस्थान बिन्दु:
मङ्गलसेन

खाना खाने स्थान:
राकम

सम्भावित भेटघाट बिन्दु:
गैरी टाँड, जम्बुकाँध, चगत्रा, शीरस्थान, पेट्रोलियम उत्खनन् स्थल, दैलेख बजार

सभा:
दैलेख

बासस्थान:
दैलेख

## पाँचौ दिन
(मङ्सिर १८ गते)
दूरी: ७१ किमी

प्रस्थान बिन्दु:
दैलेख बजार

खाना खाने स्थान:
गुराँसे

सम्भावित भेटघाट बिन्दु:
डुँगेश्वर

सभा:
सुर्खेत

बासस्थान:
सुर्खेत

## छैटौं दिन
(मङ्सिर १९ गते)
दूरी: १९२ किमी

प्रस्थान बिन्दु: सुर्खेत

खाना खाने स्थान: सिम्ता

सम्भावित भेटघाट बिन्दु:
रातोमाटे, भेरी बबई डाइभर्सन, मेहेलकुना, सल्लीबजार, सिम्ली, सेरी गाउँ

पुन:निर्माण सम्बन्धी छलफल कार्यक्रम: रिम्ना

बासस्थान: रुकुमकोट

## सातौं दिन
(मङ्सिर २० गते)
दूरी: १३० किमी

प्रस्थान बिन्दु: रुकुमकोट

खाना खाने स्थान: बुर्तिबाङ

सम्भावित भेटघाट बिन्दु: लुकुम

सभा: वामी टक्सार

बासस्थान: गल्कोट

## आठौं दिन
(मङ्सिर २१ गते)
दूरी: १२० किमी

प्रस्थान बिन्दु: गल्कोट

खाना खाने स्थान: बाग्लुङ

सम्भावित भेटघाट बिन्दु: नयाँ पुल, रामटार, काँडे

सभा: कुश्मा

बासस्थान: पोखरा

## नवौं दिन
(मङ्सिर २२ गते)
दूरी: १२० किमी

प्रस्थान बिन्दु: पोखरा

खाना खाने स्थान: सुन्दर बजार

सम्भावित भेटघाट बिन्दु: भोर्लेटार, धमिलीकुवा पालुङटार

सभा: सुन्दर बजार

बासस्थान: गोरखा

## दशौं दिन
(मङ्सिर २३ गते)
दूरी: १३२ किमी

प्रस्थान बिन्दु: गोरखा बजार

खाना खाने स्थान: सल्यानटार

सम्भावित भेटघाट बिन्दु: आरुघाट, लपाङफेदी, सामरी भञ्ज्याङ

सभा: बट्टार

बासस्थान: बट्टार

## एघारौं दिन
(मङ्सिर २४ गते)
दूरी: ८२ किमी

प्रस्थान बिन्दु: बट्टार

खाना खाने स्थान: बाहुनेपाटी

सम्भावित भेटघाट बिन्दु: छहरे

सभा: मन्डन, कुन्ताबेसी

बासस्थान: धुलिखेल

## बाह्रौं दिन
(मङ्सिर २५ गते)
दूरी: १६० किमी

प्रस्थान बिन्दु: धुलिखेल

खाना खाने स्थान: खरीढुंगा

सम्भावित भेटघाट बिन्दु: दोलालघाट, खाडीचौर, किर्ने

सभा: चरिकोट

बासस्थान: मन्थली

## तेह्रौं दिन
(मङ्सिर २६ गते)
दूरी: १५७ किमी

प्रस्थान बिन्दु: मन्थली

खाना खाने स्थान: घुर्मी

सम्भावित भेटघाट बिन्दु: खुर्कोट, फिक्कल, हलेसी

सभा: हर्कपुर

बासस्थान: दिक्तेल

## चौधौं दिन
(मङ्सिर २७ गते)
दूरी: ८४ किमी

प्रस्थान बिन्दु: दिक्तेल

खाना खाने स्थान: भोजपुर

सम्भावित भेटघाट बिन्दु: अन्नपूर्ण

कार्यक्रम: छलफल (भोजपुर)

बासस्थान: भोजपुर

## पन्ध्रौं दिन
(मङ्सिर २८ गते)
दूरी: ९४ किमी

प्रस्थान बिन्दु: भोजपुर

खाना खाने स्थान: पाखीबास

सम्भावित भेटघाट बिन्दु: प्याउली, लेगुवा, पाखिबास

सभा: बसन्तपुर

बासस्थान: बसन्तपुर

## सोह्रौं दिन
(मङ्सिर २९ गते)
दूरी: ९४ किमी

प्रस्थान बिन्दु: बसन्तपुर

खाना खाने स्थान: म्याङलुङ

सम्भावित भेटघाट बिन्दु: औंसीडाँडा

कार्यक्रम: छलफल

बासस्थान: सकान्ति बजार

## सत्रौं दिन
(मङ्सिर ३० गते)
दूरी: ७६ किमी

प्रस्थान बिन्दु: सकान्ति बजार

खाना खाने स्थान: आठराई

सम्भावित भेटघाट बिन्दु: छैन

सभा: फिदिम

बासस्थान: फिदिम

## अठारौं दिन
(पुस १ गते)

दूरी: १०१ किमी

प्रस्थान बिन्दु: फिदिम

खाना खाने स्थान: च्याङथापु

सम्भावित भेटघाट बिन्दु: च्याङथापु

अन्तिम बिन्दु: चिवाभञ्ज्याङ

बासस्थान: फिदिम

## उन्नाइसौं दिन
(पुस २ गते)

प्रस्थान बिन्दु: फिदिम

पुग्ने स्थान: काठमाडौं



**पुस ५ गते**

काठमाडौंमा औपचारिक रुपमा यात्रा समापनको सूचना संप्रेषण ।

## ४. केन्द्रीय टोली

सङ्कल्प यात्रामा अध्यक्ष कमरेडको नेतृत्वमा देहायको केन्द्रीय टोली रहनेछ–

- अध्यक्षसहित पदाधिकारीहरू
- केन्द्रीय निकायका अध्यक्ष/प्रमुखहरू
- भूगोल कार्यक्षेत्र नभएका स्थायी कमिटीका सदस्यहरू
- तोकिएका व्यक्तिहरू

## ५. प्रादेशिक टोली

भूगोल कार्यक्षेत्र भएका स्थायी कमिटी, पोलिटब्युरो र केन्द्रीय कमिटी र केन्द्रीय निकायका सदस्यहरू आफ्नो प्रदेशभित्रको अभियानमा स्वव्यवस्थापन सहित सहभागी हुनुहुनेछ । भूगोल कार्यक्षेत्र नभएका पोलिटब्युरो र केन्द्रीय सदस्यहरू, निर्वाचित जनप्रतिनिधिहरू, प्रदेश र जिल्ला कमिटी सदस्यहरू, संविधानसभा सदस्यहरू र पूर्व सांसद, विभिन्न तहका पूर्व जनप्रतिनिधिहरू र जनसङ्गठनका अगुवालगायत सबै आ–आफ्नो कार्यक्षेत्र या ठेगाना भएको प्रदेशमा अभियानमा जोडिनु पर्नेछ ।

## ६. मध्यपहाडी लोकमार्गले नछोएका मधेस प्रदेश र अन्य जिल्लाहरूको भूमिका

मधेस प्रदेशका अगुवा कमरेडहरू सम्भव भएसम्म बढी जनसहभागितासहित कोशी र बागमती प्रदेशका रूटमा सहभागी हुनुपर्नेछ । अन्य प्रदेशका पुष्पलाल मध्यपहाडी लोकमार्गले नछोएका सबै जिल्लाहरूले आफूलाई पायक पर्ने स्थान तथा रूटमा अभियानमा सहभागी हुनुपर्नेछ ।

## ७. सवारी साधन

नेताहरूको सवारी साधनका अतिरिक्त देहायका सवारी साधनहरू केन्द्रीय टोलीमा रहनेछन्ः

- एम्बुलेन्ससहितको मेडिकल टिम
- सवारी साधनहरूमा आउने मेकानिकल समस्या समाधान गर्ने प्राविधिक टिम
- प्रचारको टिम
- तोकिएका संख्याका दक्ष स्वयंसेवकहरूका लागि गाडीहरू

## ८. निजी सुरक्षा

अध्यक्ष कमरेडबाहेक अन्य नेताहरूले पिएसओ नलिने व्यवस्था गरिएको छ ।

## ९. स्वव्यवस्थापन

केन्द्रीय टोलीमा सङ्लग्न नेताहरूले आफ्ना निम्ति गाडी, चालक, इन्धनलगायतको प्रबन्ध स्वयं आफैले गर्नुपर्नेछ । यसबाहेक अभियानमा सहभागी हुने कमरेडहरूले देहायका सामग्रीको स्वव्यवस्था गर्नुपर्नेछः

- आफूले नियमित सेवन गर्ने औषधी
- न्याना कपडाहरू
- स्लिपिङ ब्याग
- ड्राइ फुड
- मोबाइल चार्जरलगायत लजिस्टिक
- इन्धन र अन्य भैपरी आउने कामका लागि केही रकम

## १०. कार्यक्रमको व्यवस्थापन र ध्यान दिनुपर्ने विषय

कार्यक्रमलाई छरितो बनाउन, समयको बचत गर्न र बढीभन्दा बढी जनतासँग प्रत्यक्ष कुराकानी गर्ने अनुकूल वातावरण निर्माण गर्न सहभागी कमरेडहरूले देहायका विषयको पालना गर्नुपर्नेछः

- यात्राका क्रममा ओर्लिएर छोटो भेटघाट, कुराकानी या गुनासो सुनुवाइ गर्ने ठाउँमा अध्यक्ष, सुरक्षाकर्मी र निश्चित स्वयंसेवकबाहेक अरू गाडीबाट नओर्लिने।
- नेतृत्वले जनतासँग गर्ने संवादमा अवरोध नपुऱ्याउने ।
- औपचारिक कार्यक्रममा पनि तोकिएका नेताबाहेक अरूले मञ्चमा भीडभाड नगर्ने ।
- खानपीन, बोलीचाली र आचरणमा मर्यादा कायम गर्ने ।
- स्थानीय भाषा, संस्कृति, परम्परा र चालचलनको सम्मान गर्ने ।
- जनताको दुःखसुखमा सहभागी हुने । स्थानीय कमिटीले गरेको व्यवस्थापन अनुरूप चल्ने ।
- समग्र यात्राको टिपोट राख्ने।
- फोटोलगायत सन्दर्भमा उछिनापाछिन नगर्ने । प्रोटोकलको पालना गर्ने ।

**११. अभियानका मुख्य क्रियाकलापहरू: अभियानका क्रममा स्थान हेरी देहायबमोजिमका गतिविधिहरु सञ्चालन हुनेछन्–**

- जनसभा,
- जनभेला तथा भेटघाटहरू,
- कलेज तथा विद्यालयका विद्यार्थीहरूसँग छलफल,
- किसानहरूसँग अन्तर्क्रिया,
- कृषि वैज्ञानिकहरूसँग संवाद,
- विकास कार्यहरूको अवलोकन र नमूना काम गरिरहेका उद्यमीहरूसँग भेटघाट,
- ऐतिहासिक, धार्मिक र सांस्कृतिक स्थलहरूको अवलोकन,
- जनताका अनुभूति, गुनासा र सुझावहरूको सङ्कलन आदि ।

**१२. बासस्थान र खानपिनको व्यवस्था**

यस यात्रामा सङ्लग्न सहभागीहरूलाई सम्भव भएसम्म जनताको घरघरमा आवासको व्यवस्थापन गरिनेछ । खानपिनको व्यवस्था पनि सम्भव भएसम्म स्थानीय कमिटीले नै गर्नेछ ।

`न्द्रीय कमिटीको छैटौं बैठक (६ मङ्सिर २०८०) द्वारा पारित

# पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना
# संक्षिप्त जानकारी

## १. आयोजनाको पृष्ठभुमि

- राष्ट्रिय यातायात नीति २०५८ मा पुर्व-पश्चिम राजमार्गको विकल्पको रूपमा नेपालको मध्यपहाड हुँदै पुर्वदेखि पश्चिमसम्म सडक निर्माण गर्ने उल्लेख भएको, सोहीबमोजिम नेपाल सरकारबाट पुष्पलाल (मध्यपहाडी) राजमार्ग नामाकरण गरी ०६४/६५ बाट आयोजना कार्यान्वयन सुरू भएको,
- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६५/११/२६ को निर्णयबाट पुष्पलाल राजमार्गको रेखाङ्कन स्वीकृत,
- मध्यपहाडका २६ जिल्लाहरूका २१५ बस्तीहरू जोड्दै निर्माण हुने यस सडकबाट मध्य-पहाडमा बसोबास गर्ने करीब १ करोड जनता यस आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने,
- आयोजनालाई आ.व. ०६७/६८ देखि २ खण्डमा विभाजन गरी मध्यपहाडी पुर्व खण्ड (करिब ७२१ कि.मि) र मध्यपहाडी पश्चिम खण्ड (करीब ११५८ कि.मि) गरी २ वटा आयोजनाबाट निर्माण कार्य भइरहेको,
- आ. व. ०६९/७० देखि नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजना घोषणा गरी प्राथमिकता साथ कार्यान्वयन भइरहेको,
- आ.व. २०७५/७६ देखि पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय र निर्देशनालयअन्तर्गत पाँचवटा योजना कार्यालयहरू (पाँचथर, काभ्रे, गोरखा, पर्वत, दैलेख) बाट निर्माण कार्य भइराखेको,

## २. राजमार्गको रेखाङ्कन विवरण र कार्यान्वयन हुने स्थानहरू

- पूर्वको पाँचथर जिल्लाको चिवाभन्ज्याङ्गदेखि पश्चिमको बैतडी जिल्लाको झुलाघाटसम्म पाँचथर, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ्ग, ओखलढुङ्गा, उदयपुर, सिन्धुली, रामेछाप, काभ्रेपलाञ्चोक, सिन्धुपालचोक, नुवाकोट, धादिङ, गोर्खा, लमजुङ, कास्की, पर्वत, बाग्लुङ, पूर्वी रूकुम, पश्चिम रूकुम, जाजरकोट, दैलेख, अछाम, डोटी, डडेलधुरा, बैतडी जिल्लाहरू हुँदै जाने ।

## ३. योजना कार्यालयहरूको परिचय र कार्यक्षेत्रहरू

| योजना कार्यालयको नाम, ठेगाना | कार्यक्षेत्र (जिल्ला) | कार्यक्षेत्र भित्रको कुल लम्बाई (कि.मि.) | योजनाले हेर्ने कुल सडक लम्बाई (कि.मि.) |
|---|---|---|---|
| पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, फिदिम, पाँचथर | पाँचथर, तेह्रथुम, धनकुटा, भोजपुर | ३८६ | २५८ |
| पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, सित्खा, रामेछाप | खोटाङ, ओखलढुंगा, उदयपुर, सिन्धुली, रामेछाप, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक | ३३५ | २७९ |
| पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, पालुङटार, गोर्खा | नुवाकोट, धादिङ, गोर्खा, लम्जुङ | २६० | २५५ |
| पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, कुश्मा, पर्वत | कास्की, पर्बत, बाग्लुङ | २४५ | २३४ |
| पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, दैलेख | रूकुम पूर्व, रूकुम पश्चिम, जाजरकोट, दैलेख, अछाम, डोटी, डडेलधुरा, बैतडी | ६५३ | ३९१ |
| | **जम्मा** | **१८७९** | **१४१७** |

## ४. आयोजनाको अवधि, सुरु र सम्पन्न हुने मिति

- सुरू अवधि आ.व. ०६४/६५ देखि ०७३/७४ सम्म, संशोधित कार्यतालिका अनुसार आ.व ०७९/८० सम्ममा सम्पन्न गर्ने । हाल २०८४/८५ सम्म थप गर्ने प्रस्ताव गरिएको ।

## ५. आयोजनाको लक्ष्य, कूल लागत अनुमान र प्रमुख क्रियाकलापहरू

- पूर्वको पाँचथर जिल्लाको चिवाभञ्ज्याङ्गदेखि पश्चिमको बैतडी जिल्लको झुलाघाटसम्म डबल लेन स्तरमा कालोपत्रेसहितको सडक निर्माण गर्ने ।
- सुरू लागत अनुमान रू. ३३३६ करोड, संशोधित अनुमान रू. ८४३३ करोड रहेको ।
- कालोपत्रे सडक निर्माण: १४१७ कि.मि. (मध्यपहाडी राजमार्गको कुल लम्बाई १८७९ कि.मि.मध्ये ४६२ कि.मि. सडक अन्य आयोजनाबाट निर्माण भएको), पुल निर्माण : १३७ वटा

## ६. हालसम्मको समष्टीगत प्रगती

- भौतिक प्रगती: ७२.७०%
- वित्तीय प्रगती: ७६.८०% (६४ अर्ब ७६ करोड) मोबिलाइजेसन पेश्कीसमेत
- कूल १८७९ मध्ये आयोजनाबाट ९४० कि.मि., अन्य निकायबाट ४६२ कि.मि गरी १४०२ कि.मि. कालोपत्रे, कुल १३७ पुलमध्ये १०२ वटा पुल सम्पन्न ।

## ७. आ.व. २०७९/८० को बार्षिक लक्ष्य र प्रगती (भौतिक/वित्तीय)

- भौतिक लक्ष्य:
  ३५७ कि.मि. कालोपत्रे, १८ वटा पुल निर्माण
- भौतिक प्रगती:
  १४३ कि.मि. कालोपत्रे, ९ वटा पुल निर्माण (७३.६८%)
- वित्तीय लक्ष्य:
  ७ अर्ब ५८ करोड ३७ लाख (संशोधित)
- वित्तीय प्रगती:
  ५ अर्ब ९१ करोड ६१ लाख (७८.०१%)

## ८. आ.व. २०७९/८० मा सम्पादित मुख्य–मुख्य कार्यको विवरण

- १४३ कि.मी थप सडक कालोपत्रे सम्पन्न भएको, (योजना कार्यालय पाँचथरः ३५ कि.मि., धुलिखेलः १२ किमि., गोर्खाः ४४ कि.मि., पर्वतः ८ कि.मि., दैलेखः ४४ कि.मि.)
- ९ वटा पुल (१. खोरूङ्गा पुल, तेह्रथुम २. सेखुवा खोला पुल, खोटाङ, ३. गौडारी खोला पुल, रामेछाप, ४. शिवालय पुल, नुवाकोट, ५. भुजी खोला पुल, बाग्लुङ ६. कुम्री खोला पुल, ७. थलाह पुल, ८. पाउडे खोला पुल, ९. रूमा खोला पुल) निर्माण सम्पन्न,
- १०३ कि.मि सडक (२५ कि.मिः चौरिखोला–दोलालघाट सडक खण्ड, काभ्रेपलान्चोक)+ ११ (राकाथुम–जोरधारा सडकखण्ड, रामेछाप)+ ७.५ कि.मि (पौवा बन्देउ सडक खण्ड, काभ्रेपलान्चोक)+ २१ (बाहुनेपाटी–पाटीभञ्ज्याङ सडक, सिन्धुपाल्चोक)+ ३८.८ (भैसे–याम्दी सडक, कास्की)को ठेक्का व्यवस्थापन भएको,
- १० वटा पुलहरु (१. घट्टे खोला पुल,काभ्रे २. खहरे खोला पुल, लमजुङ ३. तमादी खोला पुल, कास्की ४. कच्चौटे खोला पुल, अछाम, ५. याम्दी खोला पुल, कास्की ६. पानि बिहाड  खोला पुल, कास्की ७. मोदी खोला पुल, पर्बत, ८. काठे खोला पुल, बाग्लुङ, ९. पाती खोला पुल, पर्बत, १०. सुन्दरे खोला पुल, पर्वत) को ठेक्का व्यवस्थापन भएको,

## ९. बाँकी अवधिमा सम्पन्न गर्नुपर्ने काम/क्रियाकलापहरू

- ३६१ कि.मि. सडक कालोपत्रे र २० वटा पुल निर्माण सम्पन्न गर्ने तथा ११६ कि.मि. सडक र १५ वटा पुलको ठेक्का व्यवस्थापन गर्नुपर्ने,

| सडकको विवरण | पुलको विवरण |
|---|---|
| योजना कार्यालय, पाँचथर (जम्मा २ कि.मि) | जम्मा (१ संख्या) |
| चियोभञ्ज्याङ-गणेशचोक सडक (२ कि.मि) | १. खांडूवा खोला पुल |
| **योजना कार्यालय, रामेछाप (जम्मा १५ कि.मि)** | **जम्मा (११ संख्या)** |
| खुर्कोट राकाथुम सडक, रामेछाप (५ कि.मि) | १. भालु पुल, खोटाङ, |
| दोलालघाट-बाहुनेपाटी सडक, सिन्धुपाल्चोक (१० कि.मि) | २. मिया पुल, खोटाङ ३. छिप्पे पुल, खोटाङ, ४. सोखु पुल, सिन्धुली ५. खाङसाङ पुल, सिन्धुली ६.होस्टे पुल, सिन्धुपाल्चोक ७. जरेमाने पुल, सिन्धुपाल्चोक ८. सिस्ने पुल, सिन्धुपाल्चोक ९. खहरे पुल, रामेछाप १०. अमौने पुल, सिन्धुपाल्चोक ११. मंसिरे पुल, सिन्धुपाल्चोक |
| **योजना कार्यालय, गोर्खा (जम्मा ३४ कि.मि)** | **जम्मा (४ संख्या)** |
| सामरीभञ्ज्याङ-भर्याङभुरूङ सडक, धादिङ (६ कि.मि) | १. सामरी पुल, नुवाकोट, |
| आरूघाट-ओख्ले सडक, गोर्खा (४ कि.मि) | २. भैसे पुल, लम्जुङ, ३. ग्याग्दी |
| ओख्ले घ्याम्पेसाल सडक, गोर्खा (५ कि.मि) | पुल लम्जुङ ४. लिखु पुल, |
| निबेल-नयासाँघु-पालुङटार सडक, गोर्खा (१२कि.मि) | नुवाकोट |
| सुन्दरबजार-किरिंचे सडक, लम्जुङ (२ कि.मि) | |
| किरिंचे-भोर्लेटार सडक, लम्जुङ (५ कि.मि) | |
| **योजना कार्यालय, पर्वत (जम्मा१० कि.मि)** | **(जम्मा १ संख्या)** |
| रूडी भैसे सडक, कास्की (१० कि.मि) | १. तमादी पुल, कास्की |
| **योजना कार्यालय, दैलेख –जम्मा ३९ कि.मि)** | **(जम्मा १ संख्या)** |
| पातिहाल्ने-रूकुमकोट सडक, रूकुम (५ कि.मि) | २. कच्रौटे पुल, अछाम |
| खोपिचौर-सिताल्पोखरी सडक, रूकुम (१ कि.मि) | |
| कुडू- कार्कीगाउँ सडक, जाजरकोट (१० कि.मि) | |
| कार्कीगाउँ-थलाह बजार सडक, जाजरकोट (१८ कि.मि) | |
| लोहोरे-दैलेख सडक, दैलेख (५ कि.मि) | |
| **जम्मा सडक लम्बाईः १०० कि.मि.** | **जम्मा पुल संख्याः १८ वटा** |
| | |

## १०. आ.व. २०८०/८१ को बजेट विनियोजन र लक्ष्यको विवरण

- वार्षिक विनियोजनः ३ अर्ब ८६ करोड ९२ लाख
- वार्षिक लक्ष्यः १०० कि.मि सडक कालोपत्रे र १८ वटा पुल निर्माण सम्पन्न गर्ने

## ११. हाल आयोजना कार्यान्वयनमा देखपरेका मुख्य समस्याहरू

- सडक सीमा एकिन नभएको ।
- जलाशययुक्त आयोजनाहरूको प्रभाव ।
- क्षतिपूर्ति/मुआब्जा सम्बन्धमा ।
- रूख कटान, Utility Relocation प्रक्रिया जटिल तथा झन्झटिलो हुनु ।

## १२. समस्या समाधानका लागि गरिएका प्रयासहरू

- रेखाङ्कन विवादमा स्थानीयहरूसँग समन्वय गरेको, मागअनुसार रेखाङ्कन परिवर्तनका लागि सिफारिस गरेको,
- जलाशययुक्त आयोजनाहरूबाट प्रभाव पर्ने स्थानहरूमा पुनः रेखाङ्कन भएको,
- क्षतिपूर्ति सम्बन्धमा घरको क्षतिपूर्तिका लागि सिफारिस गरेको,
- रूख कटानका लागि वन कार्यालयसँग समन्वय गरेको ।

## १३. हाल आयोजना कार्यान्वयनमा देखापरेका चुनौतीहरू

- तोडिएका ठेक्काहरूको पुनः ठेक्का व्यवस्थापन हुनुपर्ने (बाग्लुङ बुर्तिबाङ सडक खण्ड १३ कि.मि., भेरी नदी पुल स्रोत सुनिश्चितता नभएको कारण ठेक्का व्यवस्थापन हुन नसक्ने, पंखु खोला पुल),
- ठेक्का तोडिएका तर सम्मानित अदालतबाट यथास्थिमा राख्नु भन्ने आदेश भएका ठेक्काहरूको स्थिति अन्यौलपूर्ण रहेको (तमोर संक्रान्ति म्याग्लुङ सडक खण्ड ६६ कि.मि. देखि ८३ कि.मि. ३ वटा प्याकेज, भोजपुर दिक्तेल सडक ४० कि.मि. देखि ५० कि.मि. १ वटा प्याकेज),

- अलाइनमेन्ट विवाद (किरिंचे रातामाटा मादी सडकको भोर्लेटार बजार १७०० मि ट्र्याक खुलाउन नसकिएको, पौदिधिक सुन्दरबजार किरिंचे सडकको सुन्दरबजार २ कि. मि. खण्डमा स्थानीय अवरोधका कारण काम हुन नसकेको, याम्दी लामाचौर कालीखोला पुल अर्मलाकोट भैंसे सडक खण्ड (३८.५ कि.मि.) को सुरूमा याम्दी लामाचौर २ कि.मि.मा विवाद भएको हाल याम्दी कालीखोला पुलसम्म ४ कि.मि.मा जग्गा विवाद),
- निबेल नयाँसागुँ पालुङटार सडक खण्डमा रूख कटानको कारण देखाई निर्माण व्यवसायीबाट काम हुन नसकेको ।
- कटुन्जे- जलजले- खहरेबजार -सल्यानटार- आरूघाट सडक खण्ड बुढीगण्डकी डुबान क्षेत्रमा पर्नुका कारण ठोस निर्णय हुन नसकी हालसम्म ठेक्का व्यवस्थापन हुन नसकेको ।

# पुष्पलाल राजमार्ग रूट




## Legend

- Route Station
- Strategic Road
- Puspalal Highway
- Province Boundary

0 30 60 120 180 240 Km

Prepared by :
Ripple Training and Consulting Services Pvt Ltd
UN Park, Kathmandu
9851223133